# राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको बैठकका निर्णयहरू

| आयोगको बैठक संख्याः ६५ | निर्णय मितिः २०७९/१२/२९ |
|---|---|

## निर्णय नं.: ४६

## आर्थिक वर्ष २०८०/८१ का लागि प्रदेश सरकारबाट स्थानीय सरकारमा जाने वित्तीय समानीकरण अनुदानको सिफारिस सम्बन्धमा

१. उल्लिखित संवैधानिक तथा कानूनी प्रावधान र प्राप्त विवरणको विश्लेषणका आधारमा आर्थिक वर्ष २०८०/८१ का लागि संविधान र कानूनबमोजिम प्रदेशले स्थानीय तहलाई दिने वित्तीय समानीकरण अनुदान यसैसाथ संलग्न व्यहोरा तथा विवरण बमोजिमको संलग्न अनुसूची-१ देखि ७ (तथ्याङ्क शाखाबाट प्राप्त अनुसूचीहरू) बमोजिम कोशी प्रदेश (न्यूनतम अनुदान रू. २२ करोड ३० लाख र सूत्रमा आधारित अनुदान रु. ७७ करोड ७० लाख समेत जम्मा रु.१ अर्व), मधेश प्रदेश (न्यूनतम अनुदान रू. २३ करोड ३२ लाख ५० हजार र सूत्रमा आधारित अनुदान रु.९४ करोड ६७ लाख ५० हजार समेत जम्मा रु. १ अर्व १८ करोड), बागमती प्रदेश (न्यूनतम अनुदान रू. २० करोड ३० लाख र सूत्रमा आधारित अनुदान रु. १ अर्व ४५ करोड ९५ लाख समेत जम्मा रु. १ अर्व ६६ करोड २५ लाख), गण्डकी प्रदेश (न्यूनतम अनुदान रू. १३ करोड ३ लाख ७५ हजार र सूत्रमा आधारित अनुदान रु. १ अर्व २ करोड ९६ लाख २५ हजार समेत जम्मा रु. १ अर्व १६ करोड), लुम्बिनी प्रदेश (न्यूनतम अनुदान रू. १९ करोड १ लाख २५ हजार र सूत्रमा आधारित अनुदान रु. ८० करोड ९८ लाख ७५ हजार समेत जम्मा रु. १ अर्व), कर्णाली प्रदेश (न्यूनतम अनुदान रू. ११ करोड ३७ लाख ५० हजार र सूत्रमा आधारित अनुदान रु. ६८ करोड ६२ लाख ५० हजार समेत जम्मा रु. ८० करोड) र सुदूरपश्चिम प्रदेश (न्यूनतम अनुदान रू. १३ करोड ७१ लाख २५ हजार र सूत्रमा आधारित अनुदान रु. ६६ करोड ९० लाख १० हजार समेत जम्मा रु. ८० करोड ६१ लाख ३५ हजार) वित्तीय समानीकरण अनुदान प्रदान गर्न प्रदेश सरकारलाई सिफारिस गर्ने।

२. बुँदा नं. १ मा स्वीकृत गरिएको उल्लिखित वित्तीय वित्तीय समानीकरण अनुदानको सिफारिस तत् तत् प्रदेश सरकार, आर्थिक मामिला तथा योजना संवद्ध मन्त्रालयमार्फत सम्बन्धित प्रदेश सरकार समक्ष लेखी पठाउने।

## निर्णय नं.: ४७

## आर्थिक वर्ष २०८०/८१ का लागि नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारबीच हुने प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँट सम्बन्धमा

१. नेपालको संविधान, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ र अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन,२०७४ मा भएको व्यवस्था अनुसार निश्चित आधार र ढांचा बमोजिम प्रदेश सरकार तथा स्थानीय तहलाई तिनिहरुको प्रभावको अनुपातको आधारमा आर्थिक वर्ष २०८०/०८१ का लागि प्राकृतिक स्रोत (पर्वतारोहण, विद्युत, वन र खानी तथा खनिज) बाट प्राप्त रोयल्टी बाँडफाँटको हिस्सा सिफारिस गरिएको छ। सम्बन्धित प्रदेश तथा सम्बन्धित स्थानीय तहहरुलाई आयोगवाट सिफारिस गरिएको रोयल्टीको हिस्साका आधारमा रोयल्टी रकम वितरण गर्ने समयमा आर्थिक वर्ष २०७९/८० को वास्तविक संकलित रोयल्टी रकमले सम्बन्धित प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टीको हिस्सालाई गुणन (हिस्सा × संकलित रोयल्टी रकम = बाँडफाँट गरिने रोयल्टी रकम) गरी हुन आउने रकम सम्बन्धित प्रदेश तथा स्थानीय तहलाई बाँडफाँट एवम वितरणका

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग

लागि नेपाल सरकारमा सिफारिस गर्ने।

२. बुँदा नं. १ मा स्वीकृत गरिएको प्राकृतिक श्रोतबाट प्राप्त रोयल्टीको हिस्सा नेपाल सरकार, प्रदेश र स्थानीय सरकार बीच बाँडफाँट तथा वितरणको सिफारिस नेपाल सरकार अर्थ मन्त्रालयमा लेखी पठाउने।

## निर्णय नं.: ४८

## आर्थिक वर्ष २०८०/८१ का लागि प्रदेश सरकारबाट सङ्कलित सवारी साधन कर बाँडफाँट सम्बन्धमा

१. आर्थिक वर्ष २०८०/८१ का लागि संविधान र कानुन बमोजिम प्रदेशले स्थानीय सरकारलाई उपलब्ध गराउने सवारी साधन करको बाँडफाँटको हिस्सा सहितको यसैसाथ संलग्न विवरण बमोजिमको सिफारिस गर्ने।

२. बुँदा नं. (क) मा स्वीकृत गरिएको सिफारिस प्रतिवेदन आवश्यक कारवाहीका लागि सम्बन्धित प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालयमा लेखी पठाउने।

## निर्णय नं.: ४९

## विविध

१. आगामी आर्थिक वर्षमा हुने सिफारिसहरूलाई वस्तुनिष्ठ, वैज्ञानिक र व्यवस्थित बनाउन आयोगसँग सम्बन्धित विभिन्न विषयमा अध्ययन अनुसन्धान गर्न गराउन प्राथमिकता दिने।

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग